☆ ☆ ☆

News Release

American Center, Embassy of the United States
Yak & Yeti Complex (West Wing), Kathmandu. Tel: 444-5577
February 1, 2006

वरिष्ठ अमेरिकी - कमान्डरको नेपाल भ्रमण

अमेरिकी प्रशान्त महासागर कमान्डका कमान्डर नौसेनापति (Admiral) विलियम जे. फालोन नेपालको २४ घण्टे भ्रमणका लागि आज काठमाण्डौ आइपुग्नु भयो । नौसेनापतिको भ्रमणको उद्देश्य अमेरिकी सरकारद्वारा माओवादी विद्रोहले खडा गरेको खतरा र नेपालका राजनीतिक दलहरुलाई पाखा लगाई दरवारबाट शासन स्थापित गर्न एक वर्ष अघि राजाद्वारा गरिएको निर्णय लगायत नेपालको अवस्थाप्रति देखाइएको गम्भिर चिन्तालाई व्यक्त गर्नु रहेको छ ।

अमेरिकी सेनाको प्रशान्त र हिन्द महासागरका वरिष्ठ कमान्डर नौसेनापति फालोनले नेपाल भ्रमण गरेको यो पहिलो पटक हो । वहाँको यो भ्रमण नेपाल, जापान र कोरिया गणतन्त्रको त्रिदेशिय भ्रमण कार्यक्रम अन्तर्गत हुनलागेको हो ।

आफ्नो भ्रमणका क्रममा वहाँले वरिष्ठ सरकारी अधिकारीहरु, सेना र राजनीतिक प्रतिनिधिहरुलाई भेट्नुहुनेछ र नेपालको परिस्थितिका बारेमा जानकारी लिनुहुनेछ ।

अमेरिकाको सैनिक पदानुक्रममा नौसेनापति फालोन सिधै रक्षामन्त्री र राष्ट्रपतिलाई रिर्पोट गर्नुहुन्छ । सैनिक प्रशान्त महासागरिय क्षेत्र अन्तर्गत ४३ राष्ट्रहरु अमेरिकाको पश्चिम तट देखि अफ्रिकाको पूर्विय तट सम्मका १६ फरक समय भएका क्षेत्रहरु पर्दछन् । यस अर्न्तगत जल, थल र वायुसेना गरि तिन लाख सैनिक पर्दछन् । यसको मुख्यालय क्याम्प एच. एम. स्मिथ, हवाईमा रहेको छ ।

नौसेनापतिको यो भ्रमणलाई अमेरिकी राजदूतावासले समन्वय गर्दैछ ।

संक्षिप्त जीवनी

नौसेनापति विलियम जे. फालोन मर्चन्टभिल, न्यू जर्सिमा हुर्किनुभएको हो । भिल्लानोभा विश्वविधालयबाट १९६७ मा स्नातक हुनुभएका फालोन जलसेनाको अधिकृत हुनुभयो र सन् १९६७ मा उडान तालिम पुरा गरेपछि उडान अधिकृतमा नियुक्त हुनुभयो ।

वहाँले हवाईजहाजबाहक पानीजहाजमा १३०० पटक अवतरण गरिसक्नुभएको छ भने ४८०० घण्टा रणनीतिक जेट विमानको उडान गनुभएको छ ।

जलसैनिक सेवामा रहँदा वहाँले विभिन्न किसिमको बढ्दो उत्तरदायित्वहरु संहाल्नुभएको थियो । २००५ मा प्रशान्त क्षेत्रको नौसेनापति बन्नुभन्दा अगाडि वहाँ अमेरिकी फ्लिटका फोर्स कमाण्ड र अमेरिकी एटलान्टिक फ्लिटका (अक्टोवर २००३ देखी फेव २००५ सम्म) सेनापति हुनुहुन्थ्यो ।

नौसेनापति फालोनले नेभल वार कलेज, न्यूपोर्ट, आर. आई., नेशनल वार कलेन, वासिङ्गटन डि. सि. बाट स्नातक र अन्तराष्ट्रिय अध्ययनमा ओल्ड डोमिनियन विश्वविधालयबाट स्नातकोत्तर हासिल गर्नु भएको छ । वहाँ विभिन्न पद तथा विभुषणबाट - रक्षा लब्ध-प्रतिष्ठा सेवा पदक, विख्यात सेवा पदक, रक्षा उच्च सेवा पदक, लिजन अफ् मेरिट, ब्रोंज स्टार, र अन्य उच्च पदकहरु - सम्मानित हुनुभएको छ ।

##